स्वीकृत मिति: २०८१/०८/०३

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

## पशु स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः पशु व्यवसायको प्रवर्द्धन, विकास तथा विस्तारका लागि पशु स्रोत केन्द्र स्थापना गर्न बान्छनिय भएकोले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम **"पशु स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यविधि,२०८१"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"आवेदक"** भन्नाले कार्यविधि र सार्बजनिक सूचना मुताबिक प्रस्ताव पेश गर्न योग्य सहकारी, निजि उद्यमीलाई सम्झनु पर्छ।

(ख) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश सम्झनु पर्छ।

(ग) **"पशु"** भन्नाले गाई, भैंसी, बाख्रा तथा बंगुर सम्झनु पर्छ ।

(घ) **"पशु स्रोत केन्द्र"** भन्नाले उन्नत प्रबिधिको प्रयोग गरी पशु नश्ल वा वीउ उत्पादन गरी विक्री वितरण गर्ने सहकारी/निजि उद्यमीलाई सम्झनु पर्छ ।

(ङ) **"प्रस्ताव"** भन्नाले निर्देशनालयले सार्बजनिक गरेको पशु स्रोत केन्द्र स्थापना सम्बन्धी सूचना अनुसार आवेदकले निर्धारित ढाँचामा तयार गरी पेश गरेको अवधारणा पत्र तथा कार्ययोजना सहितको आवेदन सम्झनु पर्छ ।

(च) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतका पशु सेवा कार्यालय सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ

(ज) **"साझेदार संस्था"** भन्नाले छनौट भई निर्देशनालय संग द्विपक्षीय सम्झौता गर्ने पशुपालनमा आवद्ध सहकारी/निजि उद्यमीलाई सम्झनु पर्छ ।

३. उद्देश्यः यो कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्,-



२०८१/८/०३

माननीय प्रकाश श्रे
मन्त्री

(क) उन्नत नश्लका प्रजनन् योग्य तथा उत्पादनशिल गाई, भैंसी, बाख्रा तथा बंगुरहरुको स्रोत केन्द्र स्थापना गर्ने,

(ख) असल पशुपालन अभ्यास अनुसरण गर्दै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय दुध तथा मासुको उत्पादन वृद्धि गर्ने,

(ग) रोजगारीको अवसर सिर्जना गर्ने ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

४. कार्यक्रम संचालनः यो कार्यक्रम बागमती प्रदेश भर लागु हुनेछ

५. योग्य पशुका जातः श्रोत केन्द्रका लागि देहाय बमोजिम पशुका जातहरु पालन गर्न सकिने छ।

| पशु प्रजाति | क्षेत्र | जात |
|---|---|---|
| गाई | तराई, पहाड, उच्च पहाड | वर्ण शंकर वा शुद्ध जर्सी, होलस्टिन फ्रिसीयन |
| भैंसी | तराई, पहाड, उच्च पहाड | वर्ण शंकर वा शुद्ध मुर्रा |
| बाख्रा | तराई | वर्ण शंकर वा शुद्ध बोयर, जमुनापारी, बारबरी, तराई बाख्रा |
| | पहाड | वर्ण शंकर वा शुद्ध बोयर, जमुनापारी, बारबरी, सानन, खरी |
| | उच्च पहाड | वर्ण शंकर वा शुद्ध बारबरी, सिन्हाल |
| बंगुर | तराई, पहाड, उच्च पहाड | वर्ण शंकर वा शुद्ध ल्याण्डरेस, ह्याम्पसायर, योर्कसायर, डुयोक, पाख्रीबास कालो |

६. श्रोत केन्द्र कार्यक्रम अन्तर्गत संचालन गरिने क्रियाकलापहरुः (१) गाई/भैंसीको श्रोत केन्द्र स्थापनाको लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) गोठ निर्माण तथा सुधार (तारबार, गोठको क्षमता विस्तार, मलमुत्र व्यवस्थापन, जैविक खाडल, ट्रेबिस सहित),

(ख) साढे/राँगो खरिद तथा ढुवानी,

(ग) फार्म मेशिनरी औजार तथा उपकरणहरु खरिद (दुध दुहुने मेशिन, काउ म्याट, क्याटल लिफ्टिङ मेशिन, चाफ कटर, साइलेज मेशिन, UMMB मेशिन, जेट प्रेसर, ब्रस कटर,



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

जेनेरेटर, मिल्क क्यान, औषधि ड्रेन्चिङ गन, हुफ कटर, टिट डिपीङ किट तथा अन्य उपकरणहरु),

(घ) अन्य नविनतम प्रविधि तथा क्रियाकलापहरु ।

(२) बाख्राको स्रोत केन्द्र स्थापनाका लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) खोर निर्माण तथा सुधार (तारबार, खोरको क्षमता विस्तार, मलमुत्र व्यवस्थापन, जैविक खाडल, यार्ड निर्माण, फिडर निर्माण)

(ख) प्रजनन योग्य बोका खरिद तथा ढुवानी

(ग) फार्म मेशिनरी औजार तथा उपकरणहरु खरिद (गोट म्याट, चाफ कटर, साइलेज मेशिन, UMMB मेशिन, जेट प्रेसर, ब्रस कटर, ड्रेन्चिङ गन, बर्डिजो क्यास्ट्रेटर, हुफ कटर, डिपीङ ट्यांक, तथा अन्य उपकरणहरु)

(घ) अन्य नविनतम प्रविधि तथा क्रियाकलापहरु ।

(३) बंगुरको स्रोत केन्द्र स्थापना लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) खोर निर्माण तथा सुधार (तारबार, खोरको क्षमता विस्तार, मलमुत्र व्यवस्थापन, जैविक खाडल)

(ख) बंगुर (बिर) खरिद तथा ढुवानी

(ग) फार्म मेशिनरी औजार तथा उपकरणहरु खरिद (पिग क्याचर, जेट प्रेसर, ब्रस कटर, टिथ कटर, औषधि ड्रेन्चिङ गन, फिड मेसिन, ब्रुडर, दाना भण्डारणको लागि साइलो, अटोमेटिक ड्रिङकर तथा अन्य उपकरणहरु)

(घ) अन्य नविनतम प्रविधि तथा क्रियाकलापहरु ।

(४) उपदफा (१), (२) र (३) मा उल्लेख गरिएका क्रियाकलापहरुलाई आधार बनाई आवेदकले बढिमा २० प्रतिशत सम्म अनुदान रकम प्रजनन् योग्य पशु खरिदमा खर्च गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

७. <u>प्रस्ताव आह्वानः</u> निर्देशनालयले यस अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदक संस्थाहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा तिस (३०) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पूनः पन्ध्र (१५) दिनको समय सिमा राखी एक पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

८. <u>प्रस्ताव दर्ता:</u> यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाले दफा ७ बमोजिमको समय सिमा भित्र सूचनामा माग भए अनुसारका कागजात सहित अनुसूची-२ बमोजिमको आवेदन पत्र र अनुसूची-३ बमोजिमको कार्ययोजना, अनुसूची-४ बमोजिमको स्वघोषणा, अनुसूची-५ बमोजिमको स्थलगत नक्सा तथा अनुसूची-६ बमोजिम वातावरण तथा समाजिक सुरक्षा सम्बन्धी विवरण बनाई आवेदन दर्ता गर्नु पर्नेछ ।

९. <u>आवेदकको योग्यता:</u> आवेदकको योग्यता देहाय बमोजिमको हुनेपर्नेछ -

(क) आवेदक संस्था पशुपालन (गाई, भैंसी, बाख्रा, बंगुर) गर्ने उद्देश्यले नियमानुसार दर्ता भएको हुनुपर्नेछ र सम्बन्धित कार्यालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मिति भन्दा पहिले कम्तीमा १ वर्ष देखि दर्ता भएको हुनु पर्नेछ ।

(ख) आवेदक कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको हुनुपर्ने छ । यसका लागि आवेदकले स्व-घोषणा गर्नु पर्नेछ ।

(ग) आवेदक संस्थाले कम्तिमा प्रजनन् योग्य ४० गाई, ३० भैंसी, १०० माउ बाख्रा र ३० माउ बंगुर पालिरहेको हुनु पर्नेछ । सहकारीको हकमा सामुहिक रुपमा पालन गरेको हुनु पर्नेछ ।

(घ) आवेदकले विगत ३ वर्ष यता अन्य कुनै पनि सरकारी निकायबाट रु ५ लाख भन्दा बढी अनुदान सहयोग नलिएको हुनुपर्नेछ (यसको लागि आवेदकले स्व-घोषणा गर्नु पर्नेछ)।

१०. <u>प्रस्ताव मूल्यांकन, स्थलगत प्रमाणीकरण तथा छनौट:</u> (१) प्राप्त भएका प्रस्तावहरुको मूल्यांकन गरी स्वीकृत गर्नको लागि निम्न अनुसारको मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिस्ठतम् अधिकृत | संयोजक |
| अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| अधिकृत प्रतिनिधि, पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| प्रमुख खरिद इकाई, निर्देशनालय | सचिव |

<u>नोट:</u> समितिले आवश्यक ठानेमा बढिमा ३ जना विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) निर्देशनालयले स्थलगत प्रमाणीकरणको लागि अनुसूची-७ बमोजिमको प्रतिवेदन ढाँचा प्रयोग गर्न सक्नेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(३) उपदफा (१) बमोजिम गठित मूल्यांकन समितिले अनुसूची- ८ बमोजिम मूल्यांकन गर्दा ५० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई योग्यता क्रम अनुसार छनौटका लागि निर्देशनालयमा सिफारिस गर्नु पर्नेछ ।

११. <u>प्रस्तावको जानकारी</u>: स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निवेदन/गुनासो दर्ता गर्न आवेदकलाई ७(सात) दिनको समय सीमा राखी आशयको सूचना प्रकाशन गरिनेछ ।

१२. <u>सम्झौता</u>: (१) स्वीकृत प्रस्तावका आवेदकहरुसंग निर्देशनालयले अनुसूची-९ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यकम कार्यान्वयन गर्नेछ ।

(२) तोकिएको अवधि भित्र द्विपक्षीय सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदक संग सम्झौता गरी कार्यक्रम कार्यन्वयन गरिने छ ।

(३) सम्झौता गर्नु अघि आवेदकसंग अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिबद्दता पत्र लिएर मात्र सम्झौता गर्नु पर्नेछ ।

१३. <u>अभिलेखीकरणः</u> साझेदार संस्थाले अनुसूची १० (क), (ख) र (ग) बमोजिम फार्म अभिलेखीकरण राख्नु पर्नेछ र सो अभिलेखीकरण बार्षिक रुपमा सम्बन्धित कार्यालयमा पठाउनुपर्ने छ ।

## परिच्छेद-३

## कार्यक्रम संचालनको आर्थिक पक्ष

१४. <u>साझेदार रकमः</u> (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । कार्यक्रमका लागि छुट्टयाइएको अधिकतम रकम रू. २५ लाख ननाघ्ने गरि पूजीगत प्रकृतिका कृषि पूर्वाधार जस्तै- गोठ, खोर, आदि निर्माणको हकमा एवं प्रविधि जडानका/ स्थापनाका लागि कुल बढीमा ८० प्रतिशत तथा चालू प्रकृतिका उत्पादन सामग्री खरिदमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुटयाईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(३) कार्यक्रम कार्यान्वयनको चरणमा सम्बन्धित कार्यालय तथा स्थानीय तहका सम्बन्धित निकायबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै अनुगमन हुन सक्नेछ । यसरी भएको अनुगमनबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषण पालन गर्नु साझेदारको कर्तव्य हुनेछ।

(४) कार्यक्रम संचालनको लागि छनौट एवम् सम्झौता भएको साझेदारहरुको विवरण सम्बन्धित निर्देशनालयले नियमित अध्यावधिक गरी प्रकाशन एवम् सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

(५) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको रनिङ्ग/ अन्तिम बिललाई प्राविधिक सिफारिस तथा निर्देशनालयले स्थलगत निरीक्षण गरी बढीमा तीन किस्तामा साझेदारको बैंक खाता मार्फत भुक्तानी गर्न सकिनेछ । साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत निरीक्षण तथा कार्य सम्पन्नको फोटो भए पश्चात मात्र भुक्तानी गरिनेछ।

(६) प्रोत्साहन रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइने छैन ।

## परिच्छेद -१६

## अन्य व्यवस्था

१५. **दोहोरोपना नहुने:** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

१६. **सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्था:** प्रोत्साहन रकम प्राप्त गर्ने साझेदार संस्थाले अनुसूची-११ बमोजिमको सार्वजनिक सूचना पाटी कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य सबैले देख्ने गरि टाँस गर्नु पर्नेछ ।

१७. **कारबाही सम्बन्धी व्यवस्था:** साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१८. **संशोधन:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१९. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१

(दफा ७ संग सम्बन्धित)

प्रस्ताव आह्वानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मितिः..........................

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आ.व. ............ को स्वीकृत वार्षिक कार्यकम अनुसार गाई/भैसी/बाख्रा/बंगुरको स्रोत केन्द्र स्थापना कार्यक्रम संचालनका लागि बागमती प्रदेश अन्तर्गतका ईच्छुक सहकारी/निजि उद्यमीले यो सूचना प्रकाशित मितिले तिस (३०) दिन भित्र **पशु स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यविधि, २०८१** को अनुसूची २ बमोजिमको आवेदन पत्र, अनुसूची-३ बमोजिमको कार्ययोजना साथ तपसिल अनुसारका कागजातहरु अनिबार्य रुपमा संलग्न राखी सम्बन्धित पशु सेवा कार्यालयमा सिलबन्दी आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**आवेदन पत्र साथ संग्लग्न गर्नु पर्ने कागजातहरुः**

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

२) व्यवसाय दर्ता र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि,

३) गत आ.व.को लेखा परिक्षण प्रतिबेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि/कर तिरेको प्रमाण

४) बैठक निर्णय प्रतिलिपि (संस्थाको हकमा)

५) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा दश (१०) वर्षको करार सम्झौता पत्र र सो सम्झौता पत्र नोटरी पब्लिकद्वारा प्रमाणित गरेको हुनुपर्ने,

६) ५० प्रतिशत साझेदारी लगानी गर्नका लागि रकम खुल्ने बैंक इस्टिमेट वा बैंकले लगानी गर्ने प्रतिबद्धता पत्र,

७) कार्यालयको सिफारिस,

८) अनुसूची-६ अनुसारको वातावरण तथा सामाजिक सुरक्षा सम्बन्धी विवरण,

९) अनुसूची-४ अनुसारको स्वघोषणा पत्र,

१०) अनुसूची-५ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,

११) प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको सिफारिस पत्र,

१२) अन्य आवश्यक कागजातहरु ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची-२

(दफा ८ संग सम्बन्धित)

आवेदनको ढाँचा

श्रीमान् निर्देशक ज्यू,

मितिः......................

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,

बागमती प्रदेश, हेटौडा, मकवानपुर ।

मार्फत

श्री पशु सेवा कार्यालय,

.........................................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ निर्देशनालयको मिति ................................ मा .............................. राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार ................. स्रोत केन्द्र स्थापना कार्यक्रम संचालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संग्लग्न राखी यो निबेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधि मा भएका शर्त र मापदण्ड परिपालना गरि कार्यकम संचालन गर्ने प्रतिबद्धता गर्दछु/छौं साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

संग्लग्न कागजातहरु,

१) .........................,

२) .........................,

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

आवेदकको नामः

पदः

ठेगानाः

संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं. :

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची-३

(दफा ८ संग सम्बन्धित)

## स्रोत केन्द्र स्थापना कार्यक्रमको संक्षिप्त कार्ययोजना

१. आवेदक संस्था

१.१ आवेदक संस्थाको नाम तथा ठेगानाः

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | : | |
| ठेगाना | : | |
| संस्था दर्ता भएको मिति र निकाय | : | |
| सम्पर्क व्यक्तिको नाम र पद | : | |
| सम्पर्क नं. | : | |
| इमेल | : | |
| स्रोत केन्द्र रहने स्थान | : | |

१.२ संचालकहरुको नामावली

| क.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१.३ शैक्षिक योग्यता र सम्बन्धित क्षेत्रमा तालिम

| क.स. | नाम | लिङ्ग | पद | शैक्षिक योग्यता | तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय | तालिम अवधि | तालिम दिने निकाय |
| | | | | | | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने बारे संचालक समितिको निर्णय र निर्णय मिति:

शेयर सदस्य संख्याः (क) पुरुष ........................... (ख) महिला..............................

१.३ स्थापनाकालका कियाकलापहरु:..................................................................

१.४ हालका क्रियाकलापहरुः...........................................................................

१.५ हाल सम्म सम्पन्न मुख्य मुख्य कार्यहरुः.......................................................

## २. ऋण लिएको विवरण

**ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्था वा सहकारीबाट लिएको ऋणको विवरणः**

| लगानी गर्ने बैंक/वित्तीय संस्था | ऋण लिनुको उद्देश्य | रकम रू. | ऋण लिएको अवधि | सम्पूर्ण ऋण चुक्ता गरेको मिति | ऋण रकमले सम्पन्न गरेका क्रियाकलापहरु र उपलब्धिहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## ३. रोगजारीको अवस्था (संचालक बाहेक)

| क.स. | पद | शैक्षिक योग्यता | महिला/पुरुष | सम्बन्धित क्षेत्रमा कार्य अनुभव |
|---|---|---|---|---|
| | | हालको रोजगारीको अवस्था | | |
| | | | | |
| | | | | |
| | | कार्यक्रम संचालन पश्चात थप रोजगारीको अवस्था | | |
| | | | | |
| | | | | |
| | | | | |

## ४. चरन क्षेत्र, मेशिनरी औजार तथा नविनतम प्रबिधिको प्रयोग

(क) चरन क्षेत्र र घाँसखेतिको क्षेत्रफल........................................................

- प्रमुख घाँसका जातहरु ...........................................................

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(ख) संचालनमा आएका मेशिनरी औजारहरु............................................

(ग) नविनतम प्रबिधिको प्रयोग..........................................................

**५. वातावरणीय तथा सामाजिक जोखिम न्यूनीकरणः**

कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता वातावरणीय तथा सामाजिक जोखिम आउन सक्छन ? र ती जोखिम न्यूनीकरण गर्नका लागि के के योजना छन् ?

**६. वर्तमानको समस्याहरुः**

..........................................................................................

(उत्पादन तथा बजारीकरण संग जोडिएका समस्याहरु उल्लेख गर्न सकिने ।)

६.१ पहिचान भएका समस्याहरुको समाधानका लागि बनाइएका योजनाहरुः

| क.स. | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागि बनाइएका योजनाहरु |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

**७. कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफल**

| क.स. | क्रियाकलापको नाम | आधार रेखा (हालको अवस्था) | कार्यक्रम संचालन पछिको अपेक्षित प्रतिफल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | |
| १. | दुध उत्पादन (लि) | | | | | |
| २. | दुग्ध पदार्थ विविधिकरण | | | | | |
| ३. | बाच्छा/बाच्छी, पाडा/पाडी बिक्रि | | | | | |
| ४. | खसी/बोका बिक्रि (के.जी.) | | | | | |
| ५. | बिउ बोका बिक्रि (गोटा) | | | | | |
| ६. | पाठापाठी बिक्रि | | | | | |
| ७. | माउ बाख्रा बिक्रि | | | | | |
| ८. | मासुका लागि बंगुर उत्पादन | | | | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बिक्रि (के.जी.) | | | | | |
| ९. | बंगुरका पाठा पाठी बिक्रि | | | | | |
| *(नोटः प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए गरेका क्रियाकलापहरु मात्र उल्लेख गर्नु पर्ने)* | | | | | | |

८. आर्थिक प्रस्ताव

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | अनुदान रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची- ४

(दफा ८ संग सम्बन्धित)

स्व-घोषणा पत्र

श्रीमान निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौडा, मकवानपुर ।

प्रस्तुत विषयमा तहाँ निर्देशनालयको मिति................, का दिन.............. पत्रिकामा प्रकाशित सूचना अनुसार, .......................... स्थित ............................. ले ......................................... कार्यक्रम प्रस्ताब पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं यदि यस स्व- घोषणामा केहि झुठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

तपसिल,

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनैपनि प्रतिकुल असर गर्ने छैन ।
२. कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।
३. बिगत ३ वर्ष यता अन्य कुनै पनि सरकारी निकायबाट रु ५ लाख भन्दा बढी अनुदान रकम लिएको छैन ।

औंठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

आवेदकको नामः

पदः

ठेगानाः

संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं. :




माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- ५

<u>(दफा ८ संग सम्बन्धित)</u>

सम्बन्धित पशु सेवा कार्यालय देखि कार्यक्रम संचालन गरिने स्थानसम्मको नक्सा






माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची - ६

(दफा ८ संग सम्बन्धित)

## वातावरण तथा सामाजिक सुरक्षा सम्बन्धी विवरण

वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी देहायका बुँदाहरूको सही उत्तर दिनुहोस । स्थलगत प्रमाणीकरण टोलीले वातावरणीय र सामाजिक क्षेत्रमा प्रतिकूल असर पार्ने कुराहरूलाई कम गर्ने उपायहरूका बारेमा सुझाव दिन सक्नेछ ।

| सि.नं. | वातावरणीय तथा सामाजिक अनुकूलता परीक्षणका लागि सोधिने मुख्य प्रश्नहरू | उत्तर (हो/होइन) |
|---|---|---|
| १. | प्रस्तावित कार्यकममा राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र र संवेदनशील जलाशय तथा भू- आवासीय क्षेत्रबाट पास हुने साधन/स्रोत उपयोग गरिन्छ/गरिन्न ? | |
| २. | प्रस्तावित कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रका वरिपरि कार्यान्वयन गरिने छ/छैन ? | |
| ३. | प्रस्तावित कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र बाहेक अन्यत्र वन जङगल वा बन्यजन्तु बसोवास क्षेत्र वरिपरि कार्यान्वयन हुन्छ/हुदैन ? | |
| ४. | प्रस्तावित कार्यक्रम बाढी, पहिरो वा भू-क्षय जोखिम क्षेत्रमा संचालन गरिनेछ/छैन ? | |
| ५. | प्रस्तावित कार्यक्रम राष्ट्रिय सम्पदा क्षेत्र/धार्मिक क्षेत्र/चिहान स्थल वरिपरि कार्यान्वयन हुन्छ/हुँदैन ? | |
| ६. | प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्दा रुखहरू कटान गर्नु पर्नेछ/छैन ? | |
| ७. | प्रस्तावित कार्यक्रम कार्यान्वयनबाट स्थानीय जनजाति समुदाय, महिला वा जोखिममा परेका समूहलाई प्रतिकूल प्रभाव पर्छ/पर्दैन ? | |
| ८. | प्रस्तावित कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूमा बालश्रम प्रयोग हुन्छ/हुँदैन ? | |
| ९. | प्रस्तावित कार्यक्रम कार्यान्वयनका लागि पूर्वाधार निर्माण गर्दा कुनै परिवारहरू बिस्थापित हुन्छन/हुँदैनन ? | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची-७

(दफा १० को उपदफा २ संग सम्बन्धित)

स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः

आवेदक संस्थाको र ठेगाना :

स्थलगत प्रमाणीकरण मितिः

१. भौतिक पूर्वाधारको अवस्था

| भौतिक पूर्वाधार | भए (√)/ नभएको (“) | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुबिधा | | |
| ...................................... | | |

२. पशु आहाराको अवस्था

२.१ घाँस तथा चरन क्षेत्र

| | चरन क्षेत्र | घाँस खेति |
|---|---|---|
| मुख्य घाँसका जातहरु | | |
| घाँस खेति क्षेत्रफल | | |
| जग्गाको स्वामित्व | | |

२.२ दानाको श्रोत

| पशु | दानाको श्रोत |
|---|---|
| गाई/भैंसी | |
| बाख्रा | |
| बंगुर | |

३. पशुपालन तथा उत्पादनको अवस्था

| पशु प्रजाति | पशु संख्या | उत्पादन बिक्रि (दुध/मासु) |
|---|---|---|



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | माउ | बाच्छा/बाच्छी/पाठा /पाठी | साढे/राँगो/बोका/बिर | |
|---|---|---|---|---|
| गाई | | | | |
| भैंसी | | | | |
| बाखा | | | | |
| बंगुर | | | | |

४. प्रयोग भईरहेका मेशिनरी औजार/उपकरणहरु

| नाम | संख्या |
|---|---|
| | |
| | |
| | |

५. प्राबिधिक दृष्टिकोणले उपयुक्तता भए/नभएको ..........................

६. संस्थाले हाल गरेका नविनतम प्रबिधि प्रयोगः .....................................................

७. स्थलगत निरीक्षण टोलीको रायः

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/नरहेको ...................

८. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरण

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची- ८

(दफा १० को उपदफा ३ संग सम्बन्धित)

**साझेदार संस्थाको मूल्यांकन गर्ने आधारहरु**

कार्यक्रमको नामः

आवेदक संस्थाको नाम र ठेगानाः

मितिः

| क.स. | सूचक | | अधिकतम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार (बाटो, बिजुली, पानी, बजार सुबिधा आदि) | | १० | | |
| २. | उन्नत भुइँ तथा डाले घाँस खेतिको क्षेत्रफल (बंगुरको हकमा लागु नहुने)<br>*(१ गाई/भैंसी वा १० बाख्राको लागि न्युनतम १ रोपनी (डेढ कठ्ठा) जग्गा लाई पूर्ण अंक मानी मूल्यांकन गरिने)* | | १५ | | |
| ३. | बंगुरको आहारा व्यवस्थापन (बंगुरको हकमा) | | १५ | | |
| ४. | संस्था दर्ता अवधि<br>*(संस्था दर्ता अवधि ५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मुल्यांकन गरिने)* | | ५ | | |
| ५. | हाल पालिरहेका पशु संख्या | | १५ | | |
| | गाई/भैंसी (प्रजनन् योग्य माउ) | *३०-३५ संख्या* | १३ | | |
| | | *३६-४० संख्या* | १४ | | |
| | | *४० भन्दा बढी संख्या* | १५ | | |
| | बाख्रा (माउ) | *१०० संख्या* | १३ | | |
| | | *१०१-१२० संख्या* | १४ | | |
| | | *१२१ भन्दा बढी संख्या* | १५ | | |
| | बंगुर (माउ) | *३०-३५ संख्या* | १३ | | |
| | | *३६-४० संख्या* | १४ | | |
| | | *४० भन्दा बढी संख्या* | १५ | | |
| ६. | मेशिनरी औजारको प्रयोग | | १० | | |
| ७. | जैविक सुरक्षाको अवस्था तथा उपयोग | | १५ | | |
| ८. | बैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आवद्ध<br>*(५ वर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानि)* | | ५ | | |
| ९. | सम्बन्धित क्षेत्रमा तालिम | | १० | | |
| १०. | कार्ययोजना | | १५ | | |
| | कुल | | १०० | | |

माननीय प्रकाश श्रेष्ठ

मन्त्री

नोटः मूल्यांकन समितिले अनुसूची-८ मा उल्लेख भएका मूल्यांकनका सूचकलाई आधार मानी थप खण्डिकरण गर्नु पर्ने भएमा सूचना आव्हान पहिला मूल्याङ्कन समितिले निर्देशनालयबाट स्वीकृती लिनु पर्नेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

अनुसुची –९

(दफा-१२ को उपदफा १ संग सम्बन्धित)

**द्विपक्षिय सम्झौता पत्र**

आर्थिक वर्ष ......... मा संचालन हुने ............ स्रोत केन्द्र स्थापना कार्यक्रमका लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडा (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका ..... पालक साझेदार संस्था..........(यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तानामाहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न द्विपक्षिय सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

**तपसिलः**

१. प्रथम पक्षले...................... स्रोतकेन्द्र स्थापना कार्यक्रम संञ्चालनका लागि इस्टिमेट गरिएको रकम रू.........................(अक्षेरुपी..................) को कार्य सम्पन्न भए पछी निर्देशनालयबाट उपलब्ध गराइने अनुदान रकम रु.................. (अक्षेरुपी.........................) को दुई प्रतिशत कन्टिनजेन्सी कट्टी गरी हुन आउने रकम रु .....................(अक्षेरुपी........................) मा नियमानुसार कर कट्टी पश्चातको रकम दोश्रो पक्षलाई वैंक खाता मर्फात भुक्तानी गर्नेछ।

२. दोश्रो पक्षले तपसिल अनुसारका क्रियाकलापहरु मिति ....................भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | अनुदान रकम | स्वलागानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. दोश्रो पक्षले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि नेपाल सरकारबाट मान्यता प्राप्त प्राबिधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन, बिल, भर्पाइ र अन्य आवश्यक कागजातका साथ् भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित निर्देशनालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा नियमानुसार प्रथम पक्षले भुक्तानी गर्नेछ ।

४. दोश्रो पक्षले पशुहरुको बिमा गरी बिमा अभिलेख प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।

५. प्रथम पक्षले कुनैपनी बखत संञ्चालीत कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको सल्लाह सुझाव दिन सक्नेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

६. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगती उपलब्धी एंव कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिबार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

७. दोस्रो पक्षले सम्झौता अनुरुप कार्य नगरेमा प्रथम पक्षले अनुदान रकम भुक्तानी गर्ने छैन ।

८. दोस्रो पक्षले कार्यक्रम अधुरो छाडी अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलीत ऐन/नियम बमोजिम सरकारी बाँकी बक्यौता सरह असुलउपर गर्नेछ ।

९. कार्यक्रम संञ्चालनको दौरानमा कुनै बिषय हेरफेर वा परिमार्जन गर्नु पर्दा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| निर्देशनालयको छाप | संस्थाको छापः |

| रोहवर | रोहवर |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| निर्देशनालयको छापः | संस्थाको छापः |

इतिसम्वत्.............साल..........महिना.............गते रोज.............शुभम्।

२१

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची- १० (क)

(दफा १३ संग सम्बन्धित)

गाई/भैंसीको अभिलेख फारमको नमुना

फार्म को नाम, ठेगानाः

| बेत नम्बर | साढे लागेको/ कृ.ग. गरेको मिति | साढे/ राँगो वा सिमेन ट्याग नं, | ब्याएको मिति | माउको दुध उत्पादन | दुध उत्पादन (औषत लिटर) | पाडापाडी/ बाच्छा बाच्छीको लिङ्ग (M or F), तौल (के.जी.) | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | | | २ | | | ३ | | | |
| | | | | | | ट्याग नम्बर | लिङ्ग | जन्म तौल | ट्याग नम्बर | लिङ्ग | जन्म तौल | ट्याग नम्बर | लिङ्ग | जन्म तौल | |
| | | | | पहिलो महिना | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | | | |
| | | | | नवौं महिना | | | | | | | | | | | |
| | | | | पहिलो महिना | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पाँचौ महिना | | | | | | | | | | | |
| | | | | नवौं महिना | | | | | | | | | | | |
| | | | | पहिलो महिना | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | | | |
| | | | | नवौं महिना | | | | | | | | | | | |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची- १० (ख)

(दफा १३ संग सम्बन्धित)

बाख्राको अभिलेख फारमको नमुना

| बेत नम्बर | बोका लागेको मिति | बोकाको ट्याग नं. | ब्याएको मिति | तौल लिएको पटक | तौल लिएको मिति | पाठापाठीको लिङ्ग (M or F), तौल के.जी.मा ) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | २ | | | ३ | | | |
| | | | | | | ट्याग नम्बर | लिङ्ग | तौल | ट्याग नम्बर | लिङ्ग | तौल | ट्याग नम्बर | |
| | | | | जन्मेको दिन | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## अनुसूची- १० (ग)

(दफा १३ संग सम्बन्धित)

**बंगुरको अभिलेख फारमको नमुना**

फार्म को नाम, ठेगानाः

| बेत नम्बर | भाले लागेको मिति | भालेको टयाग नं, | व्याएको मिति | तौल लिएको पटक | तौल लिएको मिति | पाठापाठीको लिङ्ग (M or F), तौल के.जी.मा ) | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | | | २ | | | ३ | | | |
| | | | | | | टयाग नम्बर | लिङ्ग | तौल | टयाग नम्बर | लिङ्ग | तौल | टयाग नम्बर | लिङ्ग | तौल | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | दुई महिना | | | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | दुई महिना | | | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | दुई महिना | | | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | दुई महिना | | | | | | | | | | | |
| | | | | पाँचौ महिना | | | | | | | | | | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची-११

(दफा १६ सँग सम्बन्धित)

सार्वजनिक सुचना पाटी

(साइजः ५ फिट " ४ फिट)

प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

बागमती प्रदेश, हेटौडा

कार्यक्रम/आयोजनाको नामः.........................................................

आयोजना संचालन गर्ने सहकारी/निजि उद्यमीको नामः..........................

ठेगानाः..............................

कार्यक्रम/आयोजनाको कुल लागतः रु. ....................

अनुदान रकमः रु.......................

साझेदार संस्थाको सहभागिताः रु....................

आयोजना अवधीः ................. देखि .....................

| | | | |
|---|---|---|---|
| लाभग्राही संख्याः | महिला.................. | पुरुष..................... | कुल..................... |
| | दलित.................... | जनजाति................ | अन्य.................. |

*(द्रटब्ब्यः सार्बजनिक सूचना पाटी फलामको फ्रेममा इनामेलको प्रयोग गरी लेखेको हुनु पर्नेछ ।)*

२६

माननीय प्रकाश श्रेष्ठ
मन्त्री